का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ साउन २०८१,
मंगलबार
16 July 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १५४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ‘अ’सन्तुलित टिम

सत्ता गठबन्धन र पार्टीभित्रको शक्ति सन्तुलन मिलाउनेगरी मन्त्रीहरु छनोट गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले समावेशी टिम बनाएर उदाहरणीय देखिने अवसर चाहिँ गुमाए । सोमबार गठन भएको मन्त्रिपरिषद्मा महिला मन्त्री दुई जना मात्र छन् भने दलित समुदाय शून्य ।

> नेपालमा एकल बहुमतको सरकार हुँदासमेत सीमान्तकृत समुदाय मन्त्रिपरिषद्मा छुट्ने प्रवृत्ति छ ।
>
> **डा. विनोद पोखरेल**
> मानवशास्त्र विभाग प्रमुख, त्रिभुवन विश्वविद्यालय

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले २२ सदस्यीय मन्त्रिपरिषद गठन गरेका छन् । पद तथा गोपनीयताको शपथ लिएकै दिन प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् गठन गरेका हुन् ।

२८ असारमा प्रतिनिधिसभामा विश्वासको मत नपाएपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पदमुक्त भएका थिए । त्यसैदिन राष्ट्रपति पौडेलले दुई दिनको समय दिएर प्रधानमन्त्रीमा दाबी पेश गर्न आह्वान गरेका थिए ।

आइतबार प्रधानमन्त्री नियुक्त भएका ओलीले सोमबार शपथ लिएका हुन् । प्रधानमन्त्रीको शपथ लिएकै दिनमै प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् विस्तार गरेका हुन् । नवनियुक्त मन्त्रीहरुमा अनुभवी र नयाँको मिश्रण छ । आठ जना मन्त्री पहिलो पटक मन्त्री भएका छन् भने प्रधानमन्त्री सहित १४ जना पुरानै अनुहार हुन् ।

उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र श्रम तथा रोजगारमन्त्री शरतसिंह भण्डारी सबैभन्दा धेरै पटक मन्त्रीको अनुभव गरेका नेताहरु हुन् । पछिल्लो चार दशकदेखि नेपाली राजनीतिमा सक्रिय रहेका प्रकाशमान सिंह »» पृष्ठ २ मा



- **प्रकाशमान सिंह** — उपप्रधान तथा शहरी विकासमन्त्री
- **विष्णु पौडेल** — उपप्रधान तथा अर्थमन्त्री
- **पृथ्वीसुब्बा गुरुङ** — सञ्चारमन्त्री
- **रमेश लेखक** — गृहमन्त्री
- **शरतसिंह भण्डारी** — श्रममन्त्री
- **आरजु राणा देउवा** — परराष्ट्रमन्त्री
- **प्रदीप यादव** — खानेपानीमन्त्री
- **बलराम अधिकारी** — भूमि व्यवस्थामन्त्री
- **दामोदर भण्डारी** — उद्योगमन्त्री
- **नवलकिशोर साह** — महिलामन्त्री
- **देवेन्द्र दाहाल** — भौतिक पूर्वाधारमन्त्री
- **तेजुलाल चौधरी** — खेलकुदमन्त्री
- **प्रदीप पौडेल** — स्वास्थ्यमन्त्री
- **अजय चौरासिया** — कानूनमन्त्री
- **बद्री पाण्डे** — पर्यटनमन्त्री
- **रामनाथ अधिकारी** — कृषिमन्त्री
- **विद्या भट्टराई** — शिक्षामन्त्री
- **मानवीर राई** — रक्षामन्त्री
- **दीपक खड्का** — ऊर्जामन्त्री
- **राजकुमार गुप्ता** — संघीय मामिलामन्त्री
- **ऐनबहादुर शाही** — वनमन्त्री

# विशेष अदालतको विशेष सफलता

मुद्दाको तुलनामा फछ्र्योट भएको प्रतिशत १० वर्षयताकै बढी छ । चालु वर्ष कूल मुद्दामध्ये ८८ प्रतिशत मुद्दा फैसला भएको छ । यो वर्षमा मात्रै विशेष अदालतले दुई वर्ष नाघेका १९९ वटा मुद्दा फैसला गरेको छ ।






> कतिपयले यो पत्याउने विषय थिएन । तर हामीले प्रतिबद्धताका साथ काम गऱ्यौं र उपलब्धि हासिल गऱ्यौं ।
>
> **टेकनारायण कुँवर**
> अध्यक्ष, विशेष अदालत

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

अघिल्लो वर्षसम्म विशेष अदालतमा दुई सय बढी पुरानो मुद्दा थिए । १८ मंसिर, २०८० देखि विशेष अदालतमा टेकनारायण कुँवर नेतृत्वमा आए । नेतृत्व सम्हालेपछि उनले पुरानो सबै मुद्दाको किनारा लगाउने प्रतिवद्धता जनाएका थिए ।

‘कतिपयले यो पत्याउने विषय थिएन । तर, हामीले प्रतिवद्धताका साथ काम गऱ्यौं र उपलब्धि हासिल गऱ्यौं’ सोमबार अध्यक्ष कुँवरले पत्रकार सम्मेलन गरेर उपलब्धी सुनाए । उनका अनुसार ६ महिना भन्दा पुरानो सबै मुद्दाको किनारा लागेको छ ।

२०८० असार मशान्तमा ३५९ वटा पुराना मुद्दा रहेको थियो । विशेष अदालतमा अहिले ६९ वटामात्रै मुद्दा छन् । विशेष अदालतले चालु आर्थिक वर्ष २०८०/८१ मा दर्ता भएका २१६ वटा मुद्दासमेत फैसला गरेर पुराना मुद्दाको संख्या उल्लेख्य रुपमा घटाएको हो ।

विशेष अदालतमा कुँवरको नेतृत्वमा अन्य न्यायाधीशहरुको नयाँ टोली पुगेको थियो । त्यसमा न्यायाधीश डा. खुसीप्रसाद थारु भने पहिलेदेखि नै कार्यरत थिए । आफूहरुको टिम आएपछि पुराना मुद्दालाई प्राथमिकता दिएर सुनुवाइ र फैसला गरेको कुँवरले बताए । उनीहरु आउँदा विशेष अदालतमा ३२८ वटा मुद्दा बाँकी थिए, जसमध्ये ७४ वटा मुद्दा दुई वर्ष नाघेका थिए ।

विशेष अदालत ऐनमा दर्ता भएको ६ महिनाभित्र मुद्दाको फैसला गर्नुपर्ने व्यवस्था छ । तर विभिन्न कारण समयमा मुद्दाको सुनुवाइ र फैसला हुन सकेको थिएन ।

तर, पछिल्लो एक वर्षमा पुराना मुद्दा समेत फछ्र्योट गरेर विशेष अदालतले विशेष सफलता प्राप्त गरेको हो । यसका लागि विशेष अदालतले यो वर्ष लक्ष्यभन्दा बढी मुद्दा फैसला गरेको छ ।

मुद्दाको तुलनामा फछ्र्योट भएको प्रतिशत १० वर्षयताकै बढी रहेको विशेष अदालतका प्रवक्ता धनबहादुर कार्की बताउँछन् । उनका अनुसार, यो वर्ष कुल मुद्दामध्ये ८८ प्रतिशत »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अघिल्लो कार्यकालका एजेन्डाहरुलाई पूर्णता दिने नवनियुक्त श्रममन्त्रीको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आफ्नो अघिल्लो कार्यकालमा अघि बढाएका जायज एजेन्डाहरूलाई पूर्णता दिने विषय आफ्नो प्राथमिकतामा रहेको बताएका छन् ।

राष्ट्रपति कार्यालयमा पद तथा गोपनीयताको शपथ ग्रहणपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पदभार ग्रहण गर्दै मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् । शपथपछि मन्त्रालय पुग्दा श्रममन्त्री भण्डारीलाई मन्त्रालयका सचिव घनश्याम उपाध्यायसहित मन्त्रालयका उच्च अधिकारी तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।



अघिल्लो कार्यकालमा वैदेशिक रोजगारका क्षेत्रमा थालेका सुधारका अभियानलाई निरन्तरता दिने भन्दै मन्त्री भण्डारीले मुलुकको अर्थतन्त्र रेमिट्यान्समाथि निर्भर रहेको अहिलेको अवस्थामा विकृति-विसङ्गति हटाइ वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित बनाउन अघिल्लो कार्यकालमा शुरु गरेका नीतिगत प्रयासहरुलाई निरन्तरता र पूर्णता दिने उल्लेख गरे ।

१६औं योजनाले स्वदेशमा रोजगारको सुनिश्चितता गर्दै वैदेशिक रोजगारको बाध्यता अन्त्य गर्ने लक्ष्य राखेकाले सोहीअनुसार काम गर्ने विषय पनि आफ्नो प्राथमिकतामा रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले प्रत्येक पालिकाअन्तर्गतका रोजगार सेवा केन्द्रलाई ‘रोजगार हब’ बनाउन सकेको अवस्थामा लक्ष्य प्राप्त गर्न सकिने उल्लेख गरे ।

मन्त्री भण्डारीको अघिल्लो कार्यकालमा पूर्वप्रस्थान »» पृष्ठ २ मा

## निजी क्षेत्र सकारात्मक

**काठमाडौं/मस–** श्रम, राजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा शरतसिंह भण्डारीको नियुक्तिलाई वैदेशिक रोजगार क्षेत्रका सरोकारवालाहरूले सकारात्मक भनि टिप्पणी गरेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले मन्त्री भण्डारीको पुनरागमनलाई आफूहरूले सकारात्मकरुपमा लिएको बताए ।

संघले मंगलबार कार्यसमितिको तर्फबाट नवनियुक्त मन्त्री भण्डारीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिने तयारी गरेको छ । सोमबार मन्त्री भण्डारीलाई भेटेर शुभकामना व्यक्त गरेका संघका अध्यक्ष भण्डारीले शुभकामना वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको समाधानका विषयमा छलफल गर्ने मध्यान्ह दैनिकलाई बताए । उनले तत्कालका लागि संख्या सयको समस्या समाधानका लागि जोड दिने उल्लेख गरे । वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम »» पृष्ठ २ मा

## सिमलताल घटना

# बेपत्ता बस खोज्न भारतीय सहयोग मागियो

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

नारागणगढ-मुग्लिन सडकखण्डअन्तर्गत चितवनको सिमलतालबाट पहिरोसँगै खसेको दुई वटा बस खोज्न भारतीय सहयोग माग गरिएको छ । नेपालको विज्ञ टोली र उपकरणले मात्रै सम्भव नभएपछि सरकारले भारतसँग बस खोजीका लागि अन्तर्राष्ट्रिय विज्ञसहितको उद्धार टोली ल्याउन लागेको छ ।

गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले बेपत्ता बसको खोजी गर्न भारतबाट विज्ञसहतिको उद्धार टोली माग गरेको छ । महाशाखा प्रमुख डा.भीष्मकुमार भुसालका अनुसार सोमबार भारतबाट विज्ञसहतिको उद्धार टोली मगाउन परराष्ट्र मन्त्रालयमार्फत पत्राचार गरिएको छ ।

सिमलतालमा पहिरोको लेदोसहित त्रिशुली नदीमा बस बगेर घटना भएको चार दिन बितिसक्दासम्म बगेका बसको अवस्था थाहा लाग्न सकेको छैन । नेपालको विज्ञ टोली र उपकरणले मात्रै सम्भव नभएपछि अन्तर्राष्ट्रिय विज्ञ टोली नै मगाएर खोजी गर्न लागिएको हो ।

> सिमलतालमा पहिरोको लेदोसहित त्रिशूली नदीमा बस बगेर घटना भएको चार दिन बितिसक्दा समेत बगेका बसको अवस्था थाहा लाग्न सकेको छैन । नेपालको विज्ञ टोली र उपकरणले मात्रै सम्भव नभएपछि अन्तर्राष्ट्रिय विज्ञ टोली नै मगाएर खोजी गर्न लागिएको हो ।

गृह मन्त्रालयका अनुसार उक्त क्षेत्रमा पाँच सय सुरक्षाकर्मी परिचालन गरेर नेपालमा भएका सबै प्रविधिको प्रयोग गरी खोजी गरिएको छ ।

असार २८ गते शुक्रवार बिहान ३ बजेको समयमा वीरगञ्जबाट काठमाडौंका लागि छुटेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौरका लागि छुटेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा खसेको पहिरासँगै बगेर त्रिशूली नदीमा बेपत्ता भएको थियो ।

उक्त बसमा सवार ६५ जनामध्ये तीन जना सकुशल निस्किएका थिए । ६२ जना बेपत्ता भएकामा १४ जनाको शव फेला परेको छ । ४८ जना यात्रु अझै बेपत्ता »» पृष्ठ २ मा

# सरकारले बाढीपहिरोमा परी निधन भएका व्यक्तिका परिवारलाई राहत उपलब्ध गराउने

**काठमाडौं/मस–** सरकारले बाढीपहिरो एवं प्राकृतिक प्रकोपमा परी मृत्यु भएका व्यक्तिका परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ। नवगठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले हालैको बाढीपहिरोलगायत प्राकृतिक प्रकोपमा मृत्यु हुने परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए। मन्त्रिपरिषद् बैठकले विपद्का कारण बेपत्ता भई घटना घटेको १० दिनसम्म पनि फेला पर्न नसेका व्यक्तिका परिवारलाई मृतकसरह राहत उपलब्ध गराउने निर्णय गरेको छ। सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले पहिलोपटक यस्तो निर्णय गरिएको जानकारी गराए । 'विगतमा वेपत्ता भएका व्यक्तिका परिवारलाई राहतको व्यवस्था थिएन। सरकारले यो पटक नयाँ व्यवस्था गरेको हो' उनले भने ।



बैठकले जाजरकोट भूकम्पबाट प्रभावित परिवारलाई दोस्रो र तेस्रो किस्ताबापतको राहत रकम उपलब्ध गराउनेसमेत निर्णय गरेको छ। यस्तै मन्त्रिपरिषद् बैठकले नेपालमा लोकतन्त्र स्थापना गर्नका लागि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदमा भावपूर्ण श्रदाञ्जली अर्पण गर्नुका साथै सम्मान व्यक्त गरेको छ। हालैको बाढीपहिरामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरेको मन्त्री गुरुङले बताए।

बैठकले मन्त्रिपरिषद्का निर्णय २४ घण्टापछि पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्नेसमेत निर्णय भएको छ । सञ्चारमन्त्री गुरुङले आगामी बैठकको निर्णय तत्कालै जानकारी नहुने तर विशेष महत्वको निर्णय भएमा तत्काल जानकारी दिनसकिने बताए। 'मन्त्रिपरिषद्को निर्णय २४ घण्टासम्म गोप्य रहन्छ, प्रधानमन्त्री र मन्त्रीहरूले पनि त्यसलाई बाहिर लैजान पाउदैनन्। अब अर्को बैठकदेखि २४ घण्टापछि मात्रै पत्रकार सम्मेलनमार्फत मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गरिने छन्'उनले भने ।

बैठकले विसं २०८२ असार मसान्तसम्म नेपाललाई सडक बालबालिकामुक्त बनाउने निर्णय पनि गरेको छ । यस्तै परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने निर्णय गरिएको छ । प्रधानमन्त्री कार्यालयका निमित्त मुख्यसचिव लीलादेवी गड्तौलालाई कायम मुकायम मुख्यसचिवको जिम्मेवारी दिने निर्णय पनि गरिएको सरकार प्रवक्ता गुरुङले जानकारी दिए ।

# जुम्ला पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३१ असार



जुम्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । सोमबार जिल्ला खोप समन्वय समिति र जनस्वास्थ्य कार्यालय जुम्लाको आयोजनामा एक कार्यक्रमका बीच जुम्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो। जिल्लाका सात वटै स्थानीय तहका बालबालिकालाई खोप लगाइएको जन स्वास्थ्य सेवा कार्यालय जुम्लाले जनाएको छ।

जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले निरोगी हुनका लागि खोप अपरिहार्य रहेको बताए। त्यसका लागि खोपलाई सबैले प्राथमिकतामा राख्नुपर्ने उनको सुझाव थियो।

जिल्ला समन्वय समितिका कार्यबाहक प्रमुख जनक थकालीले बालबालिकाका लागि पूर्ण खोपको अभियान महत्वपूर्ण रहेको बताए । उनले सबै बालबालिकालाई अहिले पूर्ण खोप लगाएर पूर्ण खोपको सुनिश्चितता गरिएकोमा सबै पालिकाका स्वास्थ्यकर्मीहरुप्रति आभार व्यक्त गरे। उनले बालबालिकालाई रोग लाग्नुभन्दा पहिले रोग लाग्न नदिनका लागि सरकारले थालेको खोप अभियान कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । बालबालिकाले बीसीजी, डीपीटी, दादुरा रुबेला, निमोनियालगायतका सबै खोप पूरा गर्नु पर्ने जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका जनस्वास्थ्य निरीक्षक प्रेम सुमाइले बताए । उनका अनुसार १६ महिनादेखि ५९ महिनाभित्रका बालबालिकालाई दिइने विभिन्न खोप दिएपछि पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो । उनले जुम्लाका २ हजार ९ सय २७ बालबालिकालाई पूर्ण खोप लगाइएको जानकारी दिए।

चन्दननाथ नगरपालिकाका निमित्त कार्यकारी अधिकृत पृथ्वीनाथ योगीले स्वस्थ रहनका लागि बालबालिकाहरुको खोपमा ध्यान दिनुपर्ने बताए । खोप सुनिश्चित जिल्ला घोषणा गर्नका लागि लागि सबैको मिहिनेत सराहनीय रहेको उनले बताए।

नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले पूर्ण खोप जिल्ला सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम महत्वपूर्ण रहेको बताए। सो अवसरमा आगामी वर्षमा पनि जिल्लाका सबै बालबालिकालाई नेपाल सरकारले उपलब्ध गराउने सबै प्रकारका खोपको मात्रा पूरा गर्ने, कसैलाई पनि नछुटाउने र खोपसम्बन्धी कार्यक्रमलाई सहयोग गर्ने प्रतिबद्धतासहित संयुक्तरूपमा हस्ताक्षरसमेत गरिएको छ।

कार्यक्रममा जनस्वास्थ्य कार्यलय जुम्लाले सबै स्थानीय तहका स्वास्थ्य शाखालाई सम्मानसमेत गरेको थियो ।

# शे–फोक्सुण्डोमा १२ वर्षे मेला: डा. रुइतले आँखाको नि:शुल्क शल्यक्रिया गर्ने

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ३१ असार

हिमाली जिल्ला डोल्पाका लाग्ने ६७ औँ बाह्र वर्षे शेल्री डुग्ड्रा मेलामा ख्याति प्राप्त डाक्टर सन्दुक रुइत आउने भएका छन् ।

आगामी भदौ १२ देखि १९ गतेसम्म हुने १२ वर्षे मेलामा आँखाको भगवानको रुपमा परिचित डाक्टर रुइतले शे-मेला अवधिभर नि:शुल्क रुपमा आँखाको बिरामीको शल्यक्रिया गर्ने भएका छन् । आँखाको शल्यक्रियाको लागि आनन्द संघ फुलाहारी काठमाडौंको आर्थिक सहयोग रहनेछ भने प्राविधिक सहयोग तिलगंगा आँखा प्रतिष्ठान डाक्टर रुइत अनि शे-मेला मुल आयोजक समिति रहनेछ।

आँखाको शल्यक्रिया गर्नको लागि बिरामीको पहिचान गर्ने तीन वटा टोली परिचालन हुनेछ । पहिलो टोली छार्का ताङसोङ गाउँपालिका, दोस्रो टोली काईके हुँदै डोल्पोबुद्ध गाउँपालिका र तेस्रो टोली सुलिगार्ड हुदै शे-गुम्बा पुगेर शल्यक्रिया गर्ने आँखाका बिरामीको पहिचान गरिने ६७ औं बाह्र वर्षे शेल्री डुग्ड्रा मेला प्राचार-प्रसार समितिका संयोजक पेमावाङछेन गुरुङले जानकारी दिए ।

उनका अनुसार डाक्टर रुइत दुनैबाट फोक्सुण्डो तालसम्म पैदल यात्रा गर्ने र फोक्सुण्डोबाट शे-गुम्बा सम्म हेलिकप्टरबाट जाने कार्यक्रम तालिका रहेको छ। रुइतले मेला अवधिभर मात्रै नभएर आँखाका शल्यक्रिया गर्नुपर्ने सबै बिरामीको नि:शुल्क शल्यक्रिया गरेर मात्रै फर्कनेछन्।



यसका साथै ६७ औँ बाह्र वर्षे मेलामा बौद्ध धर्मालम्बीहरुका ढिघुङ काक्यु ३७ औँ प्रसिद्ध धर्म गुरु ढिघुङक्यागोन छेप्साङ रिम्पोछे, बोन धर्म संकायको मेनरी पान्लोप रिम्पोछे र हुम्लामा जन्मीएका प्रसिद्ध अवतारी गुरु टुल्कु पेम्मा रिक्साल रिम्पोछेको उपस्थिति रहनेछ।

यसका साथै प्रमुख अतिथिका रुपमा प्रधानमन्त्रीको समय मागेको र यदि प्रधानमन्त्रीको समय नभएको अवस्थामा कर्णाली प्रदेशका मुख्यमन्त्री र डोल्पा जिल्लाका मन्त्री सबैको विशेष अतिथिका रुपमा उपस्थिति रहने प्रचार-प्रसार संयोजक गुरुङले जानकारी दिए।

गुरुङका अनुसार ६७ औँ बाह्र वर्षे मेलाको कार्यक्रम तालिका समेत सार्वजनिक गरिएको छ।

पहिलो दिन बिहान १० बजे नेपाल सरकारका मन्त्रीहरु, सांसद तथा सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रतिनिधिहरुलाई आयोजक समिति र प्रतिनिधिहरुद्वारा स्वागत कार्यक्रम, बिहान ११ बजेदेखि १२:३० सम्म प्रमुख अतिथिद्वारा कार्यक्रमको औपचारिक उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

दोस्रो दिन बिहान १० बजेसम्म सम्पूर्ण तिर्थालुहरुद्वारा प्रसिद्ध शेल्री डुग्ड्रा पर्वत र बीचमा भेटिने गुम्बाहरुको तिर्थ कार्यक्रम, बिहान १०:३० देखि ३७ औँ धर्म गुरु डिगुङ क्याब्गोन छेत्छाङ रिन्पोछेबाट पवित्र सचेतनाको प्रवचन तथा अनुशिक्षण कार्यक्रम,दिनको १:४५ देखि ३७ औँ परम धर्म गुरु डिगुङ छेत्छाङ रिन्पोछेद्वारा पवित्र सचेतनाको अनुशिक्षण कार्यक्रम साथै दिर्घायु अभिषेक प्रदान गरिनेछ।

तेस्रो दिन बिहान ८:३० बजेदेखि धर्म गुरु छ्योक्टुल पेमा रिक्चाल रिन्पोछेद्वारा असंगद्वारा रचित पवित्र बोदिसात्वको ३७ अभ्यासको प्रशिक्षण कार्यक्रम, दिनको १:४५ देखि धर्म गुरु क्याब्जे मेनरी पोन्लोप ठिन्ले डिमा रिन्पोछेद्वारा बार्दो अनुशिक्षणको साथै अन्तमा ज्यारिमाको दिर्घायु अभिषेक प्रदान कार्यक्रम गरिनेछ।

चौथो दिन बिहान ८:३० बजेदेखि धर्म गुरु छ्योक्टुल पेमा रिक्चाल रिन्पोछेद्वारा असंगद्वारा रचित पबित्र बोदिसात्वको ३७ अभ्यासको प्रशिक्षण कार्यक्रम,दिनको १:४५ देखि धनुतिर तरन्जी खेल, घोडा धौड र अन्य बिभिन्न प्रकारका खेल मनोरञ्जन आयोजन गर्नुको साथै चिकित्सक शिविर, आँखा शिविर र शल्यक्रिया समेत गरिनेछ।

पाँचौं दिन बिहान ८:३० बजेदेखि टुल्कु पेम्मा रिक्चाल रिन्पोछेद्वारा दिर्घायुको अभिषेक प्रदानको कार्यक्रम, दिनको १:४५ देखि ४ बजेसम्म स्थानीय परम्परागत नाचगान प्रस्तुति र आँखा शिविर सञ्चालन हुनेछ।

छैटौं दिन धर्म गुरुहरु र अतिथिहरुको विदाइ कार्यक्रम, दिनको १ बजेदेखि विभिन्न स्थानीय परम्परागत नाचगान र साँस्कृतिक कार्यक्रमहरुको साथसाथै कार्यक्रमको औपचारिक समापनको कार्यक्रम रहेको छ।

# धातिवाङ्ग स्वास्थ्य संस्था अर्घाखाँचीकै पहिलो पोषणमैत्री घोषणा



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ असार

अर्घाखाँचीको पाणिनी गाउँपालिका वडा नं. ६ को धातिवाङ्ग स्वास्थ्य चौकी पोषणमैत्री घोषणा भएको छ । जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले अर्घाखाँची जिल्लाकै पहिलो स्वास्थ्य संस्था घोषणा गरेका हुन् । धातिवाङ्गबाट शुरु भएको पोषणमैत्री गाउँपालिका, नगरपालिकासहित अर्घाखाँचीलाई नै पोषणमैत्री जिल्ला घोषणा गरिने जिल्ला समन्वय समितीका प्रमुख कोईरालले भने, 'अर्घाखाँचीलाई बालमैत्री जिल्लाको रुपमा पनि अगाडि बढाइनेछ।'

पोषणमैत्री स्वास्थ्य संस्था घोषणका लागि पोषण सम्बन्धी धातिवाङ्ग प्रतिबद्धता पत्र २०७९ मा गरेको १६ वटा सूचकहरुमा आधारित प्रतिबद्धता अनुसार घोषणा भएको हो।

वडाको स्वास्थ्य चौकीमा पोषण कर्नरको स्थापना, पोषण सम्बन्धी विभिन्न सूचनामूलक पोष्टहरु स्वास्थ्य संस्थामा प्रदर्शन, हरेक स्वास्थ्य संस्थाको २४ महिनासम्मका बालबालिकाहरुको नियमित वृद्धि अनुगमन गरेको ९५ प्रतिशत भन्दामाथि भएको, हरेक स्वास्थ्य संस्थामा स्तनपान सम्बन्धी पोष्टर टाँसेको, पूर्ण स्तनपान गराउने आमाहरु ९० प्रतिशतभन्दा माथि भएको, ६ महिनापछि थप खानेकुराहरु मातृशिशु तथा बाल्यकालीन पोषणको मापदण्डअनुसार खुवाएको ९० प्रतिशत भन्दामाथि भएकोले स्वास्थ्य संस्थालाई घोषणा गरिएको धातिवाङ्ग स्वास्थ्य चौकी व्यवस्थापन तथा सञ्चालक समितिका अध्यक्ष तथा वडा अध्यक्ष कृष्णप्रसाद पौडेलले बताए।

स्वास्थ्य संस्था भएको वडाभित्र कुनैपनि बालबालिका कुपोषण नभएको सुनिश्चित भएको, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमअन्तर्गत स्कुल जाने बालबालिकाले अर्धवार्षिक रुपमा जुकाको औषधि कम्तिमा ९५ प्रतिशतले खाएको, कम्तिमा ९५ प्रतिशत गर्भवती तथा सुत्केरी महिलाले २२५ चक्की आइरन फोलिक एसिड खाएको, ६ देखि ५९ महिनाका बालबालिकाहरुले अर्धवार्षिक रुपमा भिटामिन 'ए' र १२-५९ महिनाका बालबालिकाहरुले जुकाको औषधि ९५ प्रतिशतले खाएको, स्वास्थ्य संस्थामा आउने सम्पूर्ण आमा तथा शिशुहरुलाई पोषण सम्बन्धी परामर्श दिएका, नागरिक बडापत्रमा पोषण कार्यक्रम समावेश हुनुपर्ने र अभिलेख तथा प्रतिवेदन तोकिएको बमोजिम भएकाले घोषणा गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेषकान्त घिमिरेले बताए।

पाणिनी गाउँपालिकामा आगामी २०८२ असार मसान्तसम्ममा सबै वडाका स्वास्थ्य संस्थाहरु पोषणमैत्री बनाउँनका लागि गाउँपालिकाले नीति तथा कार्यक्रम र बजेट विनियोजन गरेको गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले बताए। उनले भने, 'स्वास्थ्य क्षेत्र सबैभन्दा महत्वपूर्ण हो, मानिस स्वस्थ्य भएमा गाउँपालिकाको विकास हुन्छ।'

घोषणासभामा गाउँपालिका उपाध्यक्ष नर्मदा पौडेल, कोष तथा लेखा नियन्त्रक कार्यालय अर्घाखाँचीका प्रमुख छविन्द्र कोईराला, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शिव नेपाली, गाउँपालिकाका पूर्व उपाध्यक्ष लक्ष्मी गौतम, वडा अध्यक्ष चन्द्रकान्त पौडेल, गुनाखर अधिकारी, कांग्रेसका का.वा. सभापति लिलापति पौडेल, एमालेका अध्यक्ष टामलाल पौडेल, पत्रकार महासंघका अध्यक्ष अशोक खनाल, गाउँपालिका स्वास्थ्य शाखा सहसंयोजक रामप्रसाद घिमिरे, पोखराथोक स्वास्थ्य चौकी प्रमुख धुव्रराज घिमिरे, जनसेवा माविका प्रअ शालिकराम बेल्वासे, अमर आधारभूत विद्यालयका प्रअ हिमलाल पौडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

स्वास्थ्य संस्था पोषणमैत्री घोषणा गर्नका लागि भएका पहलहरु, सूचकहरु, प्रतिबद्धता, अवधारणाहरु पूरा गरेको प्रतिवेदन फोकल प्रसन हेमन्त घिमिरेले पेश गरेका हुन्। सोही अवसरमा धातिवाङ्ग स्वास्थ्य चौकीको लागि नि:शुल्क जग्गा दान गर्ने तुल्सीराम पौडेलको परिवारलाई सम्मान गरिएको छ।

# पटेर्वा सुगौली गाउँपालिकाको नीति तथा कार्यक्रम पारित

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ३१ असार

पर्साको पटेर्वा सुगौली गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम पारित भएको छ । १३ औं गाउँसभा तथा दोस्रो सभाबाट वडा नं १ देखि ५ सम्मको बजेट सिलिङ सर्वसम्मत पारित गरिएको हो। गाउँपालिका अध्यक्ष दिनेश कुमार चौधरीको अध्यक्षतामा भएको सभामा उपाध्यक्ष ममता महतोले ४९ करोड ११ लाखको अनुमानित बजेट सार्वजनिक गरेकी थिइन्।

संघीय तथा प्रदेश सरकारको वित्तीय सम्मानिकरण अनुदानबाट १० करोड १२ लाख १५ हजार रुपैयाँ, सशर्त अनुदान अन्तर्गत १८ करोड ८ लाख, विशेष अनुदानतर्फ राजश्व बाँडफाटबाट ९ करोड ६६ लाख ५० हजार, आन्तरिक आयमा २ करोड १५ लाख, सामाजिक सुरक्षातर्फ ९ करोड गरी ४९ करोड ११ लाख रुपैयाँको विनियोजन बजेट सर्वसम्मत पारित गरिएको छ।




आगामी आर्थिक वर्षमा गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने, आँखा अस्पताल निर्णाण लगायतका ठूला योजनाहरुमा लगानी गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

शिक्षा, स्वास्थ्य, कृषि पर्यटन, विकास, भौतिक निर्माण तथा स्थानीय कला संस्कृतिको विकास एवम् संरक्षण गर्ने योजनाहरुलाई विशेष जोड दिइएको छ।

कार्यक्रममा प्रमुख प्रसाशकीय अधिकृत देवनाथ साह, वडाअध्यक्ष माधव राउत, विजय गैरे, बासु पंजियार, फरमान मियाँ, विपिन मुखिया लगायत कार्यपालिका सदस्य, गाउँपालिका सदस्य, कर्मचारी लगायतको सहभागिता रहेको थियो। कार्यक्रम सञ्चालन शिक्षा प्रमुख शम्भु साहले गरेका थिए।

## "अ"सन्तुलित...

छैटौं पटक मन्त्री भए । अर्थमन्त्री विष्णु पौडेलले आठौं पटक मन्त्रीका रूपमा सिंहदरबारको यात्रा सुरु गरे । पौडेल अर्थमन्त्री नै बनेको यो पाचौं पटक हो। गृहमन्त्री रमेश लेखक तेस्रो पटक मन्त्री भएका हुन् । सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ दोस्रो पटक संघीय मन्त्री भए। खानेपानीमन्त्री प्रदीप यादव तेस्रो पटक मन्त्री भए। यादव पनि अघिल्लो सरकारमा स्वास्थ्यमन्त्री थिए। २०७९ असारमा वन तथावातावरण मन्त्री भएका थिए । महिला बालबालिका मन्त्री नवलकिशोर साह सुडी, कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसिया, जलस्रोत तथा ऊर्जामन्त्री दीपक खड्का र युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी दोस्रो पटक मन्त्री भएका हुन्।

बाँकी नयाँ अनुहार हुन् । परराष्ट्रमन्त्री आरजु राणा देउवा, भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, स्वास्थ्यमन्त्री प्रदीप पौडेल, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई पहिलो पटक मन्त्री बने। पर्यटनमन्त्री बद्री पाण्डे, कृषि मन्त्री रामनाथ अधिकारी, वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही पनि पहिलो पटक मन्त्री भए।

रक्षामन्त्री मानवीर राई र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता पनि पहिलो पटक मन्त्री भए । तर अपेक्षित रुपमा प्रधानमन्त्री ओलीले आफ्नो टिम बनाउन सकेनन् । समावेशी टीम बनाउन ओली चुके । सत्ता गठबन्धनमा रहेका दलहरुको चित्त बुझाउँदा र सत्तारुढ दलभित्रको गुटगत सन्तुलन मिलाउँदा ओली नेतृत्वको मन्त्रिपरिषद समावेशी बन्न सकने। मन्त्रिपरिषद्मा दलित समुदायको प्रतिनिधित्व हुन सकेन।

जनजाति, आर्य, मधेशीलगायत समुदायबाट प्रतिनिधित्व भएको मन्त्रिपरीषद्मा देशको कूल जनसंख्याको करिब १३ प्रतिशत ओगटेको दलितको सहभागिता भने शून्य हुन पुगेको हो। समानुपातिक समावेशी सिद्धान्तअनुसार १३ प्रतिशत दलित समुदायबाट कम्तीमा तीन जना मन्त्री हुनुपर्ने हो । कांग्रेसबाट जीवन परियार र एमालेबाट छविवाल विश्वकर्मा मन्त्री बन्ने दौडमा थिए। तर, उनीहरुले अवसर पाएनन्।

संविधानको धारा ४० मा दलितको हकसम्बन्धी व्यवस्था छ। राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरिएको छ।

संविधानको धारा ७६ मा समावेशी सिद्धान्त बमोजिम मन्त्रिपरिषद् गठन गरिने प्रावधान छ । नवगठित मन्त्रिपरिषद् समावेशीताको मामिलामा नराम्रोसँग चुकेको सरोकारवालाहरु बताउँछन्।

मन्त्रिपरिषद्मा महिलाको सहभागिता पनि सन्तोषजनक छैन। २२ सदस्यीय मन्त्रिपरिषद्मा २ जना महिलालाई मन्त्री बनाइएको छ। नेपाली कांग्रेसबाट आरजु राणा देउवा र नेकपा एमालेबाट विद्या भट्टराई मन्त्री बनेका छन् । यो मन्त्रिपरिषद्मा महिलाको सहभागिता जम्मा ९.०९ प्रतिशत मात्र हुन आउँछ। त्रिभुवन विश्वविद्यालयको मानवशास्त्र विभाग प्रमुख विनोद पोखरेल सिमान्तकृत समुदायको राजनीतिक दलहरुमै प्रभाव कम रहेको बताउँछन् । पार्टीहरुमा सिमान्तकृत समुदाय हावी नहुँदासम्म कम प्रतिनिधित्वको प्रवृति नरोकिने उनको बुझाई छ। पोखरेल भन्छन्, 'हाम्रोमा एकल बहसुमतको सरकार हुँदा त सिमान्तकृत समुदायलाई मन्त्रिपरिषदमा पठाउँदैनन्, एक भन्दा धेरै दलको बहुमतको सरकारमा अनेक मिलाउँदा झनै समस्या हुने गरेको छ।'

## विशेष...

मुद्दा फैसला भएको छ। यो वर्षमा मात्रै विशेष अदालतले २ वर्ष नाघेका १९९ वटा मुद्दा फैसला गरेको छ।

फैसला भएका ५०६ वटा मुद्दामा १५९ वटा मुद्दामा आंशिक ठहर भएका छन्। मुद्दा लागेकामध्ये सबै आरोप ठहर नभएका मुद्दालाई विशेष अदालतले आंशिक ठहर भन्ने गरेको छ। सबै आरोपितहरु दोषी ठहर भएका मुद्दा १०४ वटामात्रै छन् भने २४३ वटा मुद्दामा कुनै पनि आरोपितहरु दोषी ठहर भएनन् । विशेष अदालतमा पेश भएकामध्ये ४८ प्रतिशत मुद्दामा मात्रै आरोपितहरु दोषी ठहर भएका छन्।

## अघिल्लो...

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि (पहिलो संशोधन)सहित वैदेशिक रोजगारीमा जाने श्रमिकहरुका लागि अंग्रेजी भाषा अनिवार्य गर्ने निर्णय, वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने (पहिलो संशोधन) कार्यविधि २०८०, दक्षिण कोरियामा इ-सेभन भिसामा कामदार पठाउने कार्यविधिसहित इजरायल तथा जापानमा निजी क्षेत्र अर्थात म्यानपावर कम्पनीले पनि कामदार पठाउन पाउने प्रावधान रहेका कार्यविधि जारी गरेका थिए । तर त्यसपछि आएका श्रममन्त्री डोल प्रसाद अर्यालले अध्ययनका नाममा ती कार्यविधि स्थगन गरेका थिए।

त्यसमध्ये अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को कार्यान्वयनमा अवरोध नगर्न सर्वोच्च अदालतले श्रम मन्त्रालयका नाममा अन्तरीम आदेश जारी गरेको छ । नवनियुक्त मन्त्री भण्डारीले ती कार्यविधि खारेज गरिएकोमा असन्तुष्टि जनाए। उनले भने, 'अहिले जुन स्थितिमा यो सरकार आएको छ, चुनौतीहरु धेरै छन्। यस अवस्थामा कुनै किसिमका नाटक र स्टन्ट गर्ने छुट छैन। आवश्यकताअनुसार सुधारका काम गरिनेछ।'

पदबहालीका क्रममा मन्त्री भण्डारीले सबै सरोकारवाला 'स्टेक होल्डर'सँग छलफल गरी सबैलाई विश्वासमा लिएर समस्याको समाधान गर्ने पनि बताए । मन्त्री भण्डारीले परिणाम आउने गरी काम गर्न मन्त्रालयको प्रशासन चुस्त हुनुपर्ने भएकाले सोहीअनुसारको तयारी गर्न कर्मचारीहरूलाई निर्देशन दिए।

पञ्चायतकालदेखि मन्त्री हुँदै आएका ६९ वर्षीय भण्डारी यसपटक समेत गरी १३औं पटक मन्त्री बनेका हुन् । लामो समय नेपाली कांग्रेसमा राजनीति गरेर मधेशवादी दलमा रहेका मन्त्री भण्डारीसँग विभिन्न मन्त्रालय सम्हालेको अनुभव छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का वरिष्ठ नेताको हैसियतमा रहेका मन्त्री भण्डारी महोत्तरी जिल्लाबाट पटक-पटक निर्वाचन जित्दै आएका छन् । २०५१ कात्तिकमा सम्पन्न मध्यावधि निर्वाचनमा उनी स्वतन्त्र हैसियतले प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए । २०४४ सालमा पञ्चायत तथा स्थानीय विकास सहायक मन्त्री बनेर सिंहदरबार प्रवेश गरेका भण्डारी त्यसभन्दा ६ वर्ष अगाडि २०३८ मा नै सांसद बनेका थिए । २०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भण्डारी त्यसयता वाणिज्य राज्यमन्त्री, बिना विभागीय राज्यमन्त्री, दुई पटक युवा, खेलकुद तथा संस्कृति मन्त्री, स्वास्थ्य मन्त्री, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र रक्षामन्त्री भइसकेका छन्।

रक्षामन्त्री भएको समयमा उनले तराई मधेशका युवाको नेपाली सेनामा सामूहिक प्रवेश नभए तराई टुक्रिने अभिव्यक्ति दिएपछि राजीनामा दिएका थिए । २०७८ जेठमा उनी उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बनेका थिए । मन्त्री भण्डारीको राजनीति प्रवेश भने २०३२ सालमा नेपाली कांग्रेसका भ्रातृ संगठन नेपाल विद्यार्थी संघबाट भएको थियो।

## निजी...

गौतमले मन्त्रालयमा अनुभवी मन्त्रीको नियुक्तिले व्यवसायीका समस्याको समाधान हुने आशा जागेको टिप्पणी गरे । महासंघका पूर्वअध्यक्ष पूर्णबहादुर मल्लले प्रजातान्त्रिक प्रणाली र प्रक्रियाबाट निर्वाचित भइ आएको जनप्रतिनिधि भएकाले विगतको जस्तो दलगत र व्यक्तिगत स्वार्थमा केन्द्रित नभइ सबै पक्षका जायज समस्याको समाधान हुने अपेक्षा गरिएको टिप्पणी गरे।

## सिमलताल...

रहेका छन् । जिल्ला प्रशासन कार्यालय चितवनका अनुसार सोमबार विनयी त्रिवेणीस्थित गण्डक ब्यारेजको पुल आसपास ६ वटा शव भेटिए। सुस्ता ४ मा एउटा, भरतपुर सिसुवारमा एउटा र मध्यविन्दु भुताहामा एउट ा शव फेला परे । सोमबार मात्रै गृमन्त्रालयले सिमलताल घटनाको अध्ययन गर्न कार्यदल बनाएको छ । उक्त कार्यदललाई १० दिनको समय दिइएको छ। नवनियुक्त गृहमन्त्री रमेश लेखकले कार्यदल गठनको निर्णय लिएका हुन्।


# UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनी: TAMOUH EMPLOYMENT LLC** **शहर: ABU DHABI**
**पूर्व स्वीकृत मिति: २०८१/०३/३१** **चलानी नं.: ६०२२२२६५** L.T. No.: 307522

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith Helper | 17 | 0 | स. काममा दक्ष | 1200 | ४३,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 16 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 3. | Concrete Mason | 10 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 4. | Construction Carpenter General | 8 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 5. | Electric /electronic Technician | 2 | 0 | | 1800 | ६५,३५८ | | | | | | | |
| 6. | Electrician/wiring Electrician Assistant | 5 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 7. | Electricians (Industrial) | 14 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 8. | Gun Smith | 8 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 9. | Messenger Internal | 5 | 0 | | 1500 | ५४,४६५ | | | | | | | |
| 10. | Sr. Administrative Officer | 3 | 0 | | 2500 | ९०,७७५ | | | | | | | |
| 11. | Stone Mason | 9 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 12. | Surveyor Land | 15 | 0 | | 3500 | १२७,०८५ | | | | | | | |
| 13. | Tile Layer | 4 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ८ गते (23 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784, Email: cv.naukrinepal@gmail.com
Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति: २०८१/04/01**

श्री थनौरा कचुरानी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई छेडागाड १२ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटे सल्लो जातको काठ २२८१.०७ क्यू.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री थनौरा कचुरानी सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा. १२, जाजरकोट**



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति: २०८१/04/01**

श्री खहरेकाफल खोला सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई छेडागाड १२ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटे सल्लो जातको काठ २७२८.८० क्यू.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री खहरेकाफल खोला सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा. १२, जाजरकोट**

# पर्साबाट तीन मन्त्री

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, ३१ असार

संघीय सरकारमा पर्सा जिल्लाबाट पहिलो पटक तीन जना मन्त्री बनेका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारमा पर्साबाट तीन जना मन्त्री बनेका हुन् ।



पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादव खानेपानी मन्त्री, पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य अजय चौरसिया कानून, न्याय तथा संसदीय मामिला मन्त्री र पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री बनेका हुन् । यादव जसपाका केन्द्रीय उपमहासचिव, चौरसिया कांग्रेसका केन्द्रीय सदस्य र गुप्ता एमालेका केन्द्रीय सदस्य हुन् ।

यादव यसअघिको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा छोटो समय स्वास्थ्य तथा जनसंख्या मन्त्री भएका थिए । गत वैशाख २३ गते जसपा नेपाल फुटेर जसपा बनेपछि उनी स्वास्थ्यमन्त्री बनेका थिए । त्यसअघि २०७९ मा उनी चार महिना वन तथा वातावरण मन्त्री बनेका थिए । यसअघि पर्सा निर्वाचन क्षेत्र नम्बर ४ बाट निर्वाचित रमेश रिजाल प्रचण्ड सरकारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रहेका थिए ।

# बस दुर्घटनामा ज्यान गुमाएका परिवारलाई परोहा नगरपालिकाद्वारा राहत प्रदान



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३१ असार

नारायणगढ–मुग्लिन सडकको सिमलतालमा गणपति डिलक्स बस दुर्घटनामा ज्यान गुमाएका तीन घरपरिवारलाई परोहा नगरपालिकाले राहत प्रदान गरेको छ ।

परोहा नगरपालिकाका प्रमुख शेख वकिलको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत मोहम्मद महफुज अहमद, इन्जिनियर दिपेन्द्र कुमार यादव तथा सम्बन्धित वडाका वडाध्यक्षको संयुक्त टोलीले मृतकका घरमा पुगेर प्रत्येक परिवारलाई नगद ११ हजार तथा ५० हजार रुपैयाँ बराबरको चेकसहित खाद्यान्न सामग्री प्रदान गरेको हो ।

उक्त दुर्घटनामा ज्यान गुमाएका परोहा–४ लौकाहाका ओम राजकुमार साह, वडा नं. ६ बसन्तपट्टीका ऋषी कुमार सिंह र वडा नं. ९ रामपुर खापको सिकिन्द्र दासका घर परिवारलाई राहत प्रदान गरिएको हो । राहत प्रदान गर्ने क्रममा टोलीले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै मृतकप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गरेको थियो ।

# त्रिविको स्थापना दिवसमा बिरामीलाई फलफूल वितरण



**दिपेन्द्र लुईंटेल/मध्यान्ह**
भोजपुर, ३१ असार

त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस भोजपुर बहुमुखी क्याम्पसको ६५औं स्थापना दिवसको अवसरमा जिल्ला अस्पताल भोजपुरका बिरामीहरूलाई फलफूल वितरण गरिएको छ ।

सोमबार अस्पतालमा रहेका बिरामीहरूलाई शीघ्र स्वास्थ्य लाभको कामनासहित फलफूल वितरण गरिएको क्याम्पस प्रमुख भुलनाथ राईले जानकारी दिए । उनले स्थापना दिवसकै अवसरमा सोमबार नै क्याम्पसमा नवनिर्मीत प्रशिक्षण भवन उद्घाटन तथा क्याम्पस परिसरमा वृक्षारोपण गरिएको जानकारी दिए ।

फलफूल वितरण कार्यक्रम क्याम्पसस्थित प्राध्यापक संघ, स्ववियु, क्याम्पसका प्राध्यापक, कर्मचारी, विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।

# 'मानव अधिकार सुनिश्चित गर्न सबैको हातेमालो आवश्यक'



**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, ३१ असार

मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलाइन्स) जिल्ला शाखा कपिलवस्तुले आफ्नो २५ औं स्थापना दिवस मनाएको छ ।

सामाजिक र आर्थिक रुपान्तरणका लागि मानव अधिकारको सुनिश्चितता, सुसंस्कृत, समुन्नत र समृद्ध नेपाल निर्माण हाम्रो प्रतिवद्धता भन्ने मुल नाराका साथ एलाइन्स कपिलवस्तुले शिक्षा र मानव अधिकार बिषयक अन्तरक्रिया कार्यक्रम गरि स्थापना दिवस मनाएको हो ।

मानव अधिकार एलाइन्सका केन्द्रीय सचिव तथा प्रदेश इन्चार्ज रोमकान्त घिमिरेले शिक्षा र मानव अधिकार विषयक कार्यपत्र प्रस्तुत गर्दै मानव अधिकारको अवस्था, मानव अधिकार सम्बन्धी कानूनी मान्यता, मानव अधिकार सुनिश्चित हुने सूचकहरुको बारेमा प्रकाश पारेका थिए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले गर्भ अवस्थादेखि मृत्युसम्म मानिसले पाउनुपर्ने अधिकार, ती अधिकारका लागि गर्नुपर्ने वकालत र नागरिकको दायित्व, सुरक्षित रोजगार सम्बन्धी जानकारी गराएका थिए ।

## Sandhikharka Municipality
## Office of Municipal Executive
### Sandhikharka, Arghakhanchi

**Invitation for Electronic Bids**

**Date of publication: 2081/04/01 (16th July 2024)**
**Invitation for Bids No: NCB/SM/G/H/1/2081/82)**

1. Sandhikharka Municipality invites electronic bids from eligible bidders for the procurement of Supply of Medicines and Surgical Items under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sandhikharka Municipality, Sandhikharka Arghakhanchi, email: info@sandhikharkamun.gov.np, telephone No. 077-420662/9857063998 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of Office : Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi**
   **Name of the Bank : Rastriya Banijya Bank, Sandhikharka Branch**
   **Account No. : SANDHIKHARKA NA.PA. (GA-1-1) 3050100301010002**
   **Bid fee Rs. : 3,000.00**
4. Pre-bid meeting shall be held at Sandhikharka Municipality, Sandhikharka Arghakhanchi at 1:00 pm on 4th August 2024.
5. Electronic bids must be submitted to the through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:PM on 15th August. 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 Pm 15th August. 2024. At the office of Sandhikharka Municipality, Sandhikharka Arghakhanchi. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 110,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. Medicines to be supplied by the supplier must bear the said seal for free distribution and the pharmaceutical company must be ISO GMP Certified.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**लुम्बिनी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## सडक पूर्वाधार विकास कार्यालय
**गुलरिया, बर्दिया**

**ठेक्का रद्द गरिएको सूचना**

**मिति :–२०८१/०४/०१**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/१०/२३ मा प्रकाशित ठेक्का सूचना अनुसारको ठेक्का न. RIDO/BARDIYA/W/NCB/ROAD/71/080–81 Construction of Thakurbaba 3 nyaulapur shiv mandir godana thakurdwara jodne sadak, बिशेष कारणबश रद्द गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**(कार्यालय प्रमुख)**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/०४/०१**

श्री बास्कोटी जलुके सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई छेडागाड १३ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटे सल्लो जातको काठ ३१०६.५६ क्यू.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बास्कोटी जलुके सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा. १३, जाजरकोट**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/०४/०१**

श्री निपाने हरियाली सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई छेडागाड १२ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटे सल्लो जातको काठ १७९८.६७ क्यू.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री निपाने हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा. १२, जाजरकोट**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/०४/०१**

श्री चिदाला सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई छेडागाड १२ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटे सल्लो जातको काठ २५०१.१५ क्यू.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चिदाला सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा. १२, जाजरकोट**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/०४/०१**

श्री छोरेखेत सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई छेडागाड १२ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटे सल्लो जातको काठ २६५५.५१ क्यू.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री छोरेखेत सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा. १२, जाजरकोट**

## कुवेतमा रोजगार

कम्पनीः **AL BARAKAT GOLDEN GEN TRADING AND CONTRACTING CO.**
शहरः **KUWAIT**

पुर्व स्वीकृत मितिः २०८१/०३/३१ | चलानी नं.: ६०२२२२६४ | LT. No.: 307557

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (Helper) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,४५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Drivers | 8 | 0 | | 150 | ६५,४५९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ८ गते (23 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GULF EMPIRE COMPANY PVT. LTD.**
KMC-31, Minbhawan, Baneshwor, Kathmandu,Nepal. Tel: 01-4115960/4115961, 9801315959, 9813287287
Email: gulfempirenepal@gmail.com | Web.: www.gulf-empire.com
श्रम इजाजत नं. १५९९/०७९/८०
Creating a Better World !

## QATAR मा रोजगारको अवसर

कम्पनी : **LINC FACILITY SERVICES**
शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०८१/०३/३१ | चलानी नं.: ६०२२२२६३ | L.T. No.: 307430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५१,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric Tech. | 2 | 0 | | 1250 | ४५,७१३ | | | | | | | |
| 3. | Electronics Tech | 4 | 0 | | 1250 | ४५,७१३ | | | | | | | |
| 4. | General Clean Worker | 92 | 0 | | 1000 | ३६,५७० | | | | | | | |
| 5. | General Supervisor | 5 | 0 | | 2500 | ९१,४२५ | | | | | | | |
| 6. | Labour | 20 | 30 | | 1000 | ३६,५७० | | | | | | | |
| 7. | Secretary | 0 | 15 | | 2100 | ७६,७९७ | | | | | | | |
| 8. | Supervisior | 4 | 0 | | 2500 | ९१,४२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ८ गते (23 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Supervisior को लागि Gulf Experience भएको हुनु पर्नेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROTARY OVERSEAS PVT. LTD.**
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982, 9803856062, 9851035262, 9815066489
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com
Govt. Lic. No. 562/062/063

## यूएईमा रोजगार

कम्पनी : **CITIZEN BUILDING CLEANING SERVICES LLC**
शहरः **UAE**

पुर्व स्वीकृत मितिः २०७९/११/०८ | चलानी नं.: ६०१९६३४८ | LT. No.: 281410 | **पून विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 45 | स. काममा दक्ष | 900 | ३२,६७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ४ गते (19 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Golden Achivers International Pvt.Ltd.**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412
Itahari: 025-590946,9802702545,9808349334, 9818455280
Email: info@goldenach.com, web:www.goldenach.com
श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SANTA MONICA BEAUTY SALON FOR WOMEN COMPANY**
शहरः **KUWAIT**

पुर्व स्वीकृत मितिः २०८१/०३/३० | चलानी नं.: ६०२२२२३६ | L.T. No.:307513

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६५,४५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
